"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगर कार्यपालिकाको बैठक

| | | | |
|---|---|---|---|
| बैठक मितिः | २०७९/०२/१२ | दोश्रो कार्यकाल | बैठक संख्याः ०१ |
| बैठक प्रारम्भ समयः | ११:०० बजे | बैठक समापन समयः | ५:०० बजे |

**आजको नगरकार्यपालिकाले बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा गरेको छ ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकामा सम्पन्न भएको स्थानीय तह निर्वाचन २०७९ मा सकृय रुपमा सहभागी भई निर्वाचित गराउनुहुने मतदाताहरु र सहयोग गर्नुहुने सम्पूर्ण नगरबासीहरुलाई हार्दिक धन्यवाद दिने ।

२. स्थानीय तह निर्वाचन, २०७४ सम्पन्न पश्चात् गठन भएको खाँदबारी नगरपालिकाको नगरकार्यपालिका तथा विषयगत समितिहरुले नगरको विकासका निमित्त गरेका कार्यहरु र प्रयत्नहरुप्रति हार्दिक धन्यवाद दिने ।

३. मनकामना धामको विकासका लागि प्राप्त रु १ करोड रकमबाट मनकामनाधाम प्रवेश गर्ने गिद्धेदेखि मनकामना धाम सम्मको सडक निर्माण (स्तरोन्नती) योजनाका लागि विनियोजन गर्ने साथै समय अभावका कारण ठेक्काबाट कार्यसम्पादन गर्न संभावना नभएकोले उपभोक्ता समिति मार्फत उक्त आयोजना कार्यान्वयन गर्ने ।

४. खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा हेल्पडेक्स(नागरिक सहयता कक्ष) को व्यवस्थापन गर्ने ।

५. खाँदबारी नगरपालिकाका प्रमुखको स्वकीय सचिव पद रिक्त रहेकोले निवेदक श्री गोकुल खनाललाई स्वकिय सचिव नियुक्ति प्रकृया नियमानुसार अगाडी बढाउने साथै उपप्रमुखज्यूको निजी सचिवको व्यवस्थापन प्रकृया नियमानुसार अगाडी बढाउने ।

६. नगरप्रमुख तथा नगरउपप्रमुखज्यूद्वारा पदवहालीको क्रममा गरिएका प्रतिबद्धताहरुमा उल्लिखित विकासात्मक कार्यहरु तत्काल कार्यान्वयन गर्न सकिनेहरुलाई तत्काल गर्ने र कानून बनाई सभाद्वारा कार्यान्वयन गर्नुपर्ने क्षेत्रहरुको हकमा आवश्यक कानून तयार गरी कार्यान्वयन गर्ने ।

७. खाँदबारीबाट बडरेनीसम्म जाने सडक अत्यन्त जिर्ण भई सवारी आवागमनमा समस्या भएकोले मर्मतसम्भार कोषबाट खर्च गर्ने गरी प्राविधिक लागत अनुमान बमोजिमको रकम रु.९,८२,०४२।– विनियोजन गरी कार्यान्वयन गर्ने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

२०७९।२।१२